# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३] काठमाडौं आश्विन १२ गते २०१० साल [संख्या ८

## भाग १

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वलनेपालतारा, ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्सल सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## २०१० साल नेपाल सरकार राजकीय परिषद् ऐन

प्रस्तावना — हाम्रो श्री ५ महाराजाधिराजको गाथमा केही समय देखि आरोग्य नरहेको र रोगको निदान र उचित इलाजको लागी केही समय विदेशमा सवारी हुनु पर्ने भएकोले सवारी देशबाट बाहिर रहुन्जेल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

1080

मुलुकको दैनिक कामकाज नरोकियोस् भन्नाको लागी एउटा राजकीय परिषद ( State Council ) खडा गर्नु आवश्यक हुँदा मंत्रिमण्डलको सलाहले हामी श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेवबाट देहायका दफाहरूको यो ऐन जारी गरीबक्सेको छ।

छोटकरी नाम १. यो ऐनको नाम २०१० साल नेपाल सरकार राजकीय परिषद ऐन भन्ने रहेको छ।

सीमा र अवधि २. (१) यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ।

(२) यो ऐन तुरुन्त लागू भई हाम्रो सवारी नेपाल नफिरुन्जेल कायम रहनेछ।

धर्म भाक्ने ३. (१) हाम्रो सवारी नेपाल सरहद बाहिर रहुन्जेलका लागि देहायका सदस्या, सदस्यहरुको एउटा राजकीय परिषद कायम रहनेछ।

१. श्री ५ ज्येठा बडामहारानी कान्तिराज्यलक्ष्मीदेवी.

२. श्री ५ कान्छा बडामहारानी ईश्वरीराज्यलक्ष्मीदेवी.

३. श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रमशाहदेव.

(२) राजकीय परिषद्को अधिकारा उठाउने अगाडी सदस्या, सदस्यहरूले हाम्रो या हामीबाट यस कामको लागी तोकिबक्सेको व्यक्तिको समक्षमा अनुसूचिमा दिएबमोजिमको धर्म भाक्नु पर्दछ।

सभा, कोरम, बहुमत निर्णय ४. (१) राजकीय परिषदका सदस्या, सदस्यहरूले राजकीय परिषदको सभा गर्ने टाइम, दिन र स्थान आफैं ठेगान गर्ने छन् र सोहीबमोजिम हुनेछ। टाइम, दिन र स्थानको हेरफेर गर्नुपरेमा पनि सभा गरी अदली बदली गर्न शक्नेछन्।

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

606

(२) राजकीय परिषद्को कोरम पुऱ्याउनकोलागी कमसेकम २ जना सदस्या, सदस्यहरू रहनु पर्दछ। २ जना सदस्या, सदस्यहरू जम्मा भए पछि अरू सदस्या, सदस्यले सभाको सूचना पाई विशेष कारणले गैर, हाजीर भए पनि राजकीय परिषद्को सभा रोकिन सक्तैन।

(३) राजकीय परिषदका सभासदहरूको राय बाझेमा बहुमत सदर हुनेछ। दुई राय भई बराबर भोट भएमा श्रेष्ठ सदस्या, सदस्यको राय जता पर्छ छ सोही सदर हुन्छ।

छाप सदर गर्ने ५ (१) राजकीय परिषद्को एउटा छाप काटिने छ र सोछाप सदस्या, सदस्यहरू मध्ये कुनै एक सदस्या, सदस्यको जिम्मा राजकीय परिषद्ले लगाउने छ।

(२) राजकीक परिषद सभाको निर्णयहरू सो कामको निमित्त मन्त्रिमण्डलबाट शिफारिस गरी तोकिएको अफिसरले एउटा खास किताप खडा गरी सो किताप रोतैसंग महिना मिति जनाई दर्ता गरी राख्नेछ। निर्णय र राय वाझेमा जो भएको छ सदस्या, सदस्यहरूको र उक्त अफिसरको समेत दस्तखत गरी राजकीय परिषदको छाप लगाई राख्नु पर्दछ। यति रीत पुगेको निर्णय पक्का मानिनेछ।

अधिकार ६. (१) राजकीय परिषद्लाई देहायको सम्म काम गर्ने अधिकार बक्सेको छ।

क. विर्ता दिने र यस ऐनबाट अधिकार प्राप्त नभएका बाहेक मन्त्रिमण्डलको शिफारिश भएमा अरू लालमोहर लगाउने सबै कलममा समेत लालमोहर लगाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

ख मन्त्री या मन्त्रिमण्डललाई ऐन सवाल नियमबाट दिए पाए-बमोजिम सरकारी कर्मचारीको नयाँ भर्ना, सरुवा, बढुवा, खारीज, खोसमोस, सस्पेन्ड गरेकोमा शाही कमिशन दिने परिनियमित पद ( Statutory posts ) विषय इत्यादिमा हाम्रो स्वीकृति लिनु पर्ने कलमहरुमा सहमति दिने ।

ग. माथी उपदफा क.ख.मा लेखिए बाहेक अरू सरकारी काजकाम चलाउनको लागी ऐन सवाल रुल नियमबमोजिम मन्त्री या मन्त्रि-मण्डलको निर्णय भएका कलमहरुमा हामीबाट विधिवत् (Formal) स्वीकृति दिने कलमहरुमा विधिवत् सम्मति या सहमति दिने ।

(२) माथी उपदफा १ मा लेखिएका कुनै कुराबाट पनि राजकीय परिषद्लाई देहायका काम गर्ने अधिकार दिइएको छैन ।

क. मन्त्रिमण्डल भंग गर्ने ।

ख. प्रधान मन्त्रीको मंजुरी वा शिफारिश (Recommendation) बेगर नयाँ मन्त्री बहाल गर्ने या बहाल वाला मन्त्री खारीज गर्ने ।

ग. मन्त्रिमण्डलको इच्छा विरुद्ध कुनै कुराको निर्णय गर्ने ।

(३) माथी दफा दफामा बक्सेको बाहेक अरू सबै राजकीय अधिकार हामी श्री ५ महाराजाधिराजमै रहनेछ र राजकीय परिषद् र मन्त्रिमण्डलको राय बाझि भएका कलमहरु हाम्रा हजुर्मा जाहेर गर्नु पर्नेछ औ हामीबाट निकाशा बक्सेबमोजिम हुनेछ ।

(४) हाम्रा अनुपस्थितिमा लालमोहरको छाप श्री ५ जेठा बडामहा-रानीको जिम्मामा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

बदरगर्ने र अदली बदली गर्ने श्री ५ महाराजाधिराज को अधिकार

७. १ हामीबाट यो ऐनबमोजिम खडा भएको राजकीय परिषद् खारीज गर्ने वा त्यसको सदस्या, सदस्यहरू अद्ली बद्ली गर्ने, घटाउने, बढाउने अधिकार हामीमै राखी बक्सेका छौं ।

२. हामीले विदेशबाट पठाइबक्सेको हुकुममा साथमा रहेको नमूनाबमोजिमको यसै इफाको फटकेमा लागेको विशेष छाप र बाहुली निशाना परेपछि लालमोहर भए सरह मान्यता दिइनेछ ।

## अनुसूचि

म ……………………………श्री ५ महाराजाधिराजबाट आज मलाई मनोनीत गरिबक्सेको राजकीय परिषद्को सदस्या, सदस्यको हैसियतले श्री ५ महाराजाधिराज तथा मौसूफका उत्तराधिकारीहरू तथा २००७ सालको अन्तरीम शासन विधान र देशका प्रचलित अरू ऐन कानूनहरू प्रति पूर्णतया बफादार रही यस राजकीय परिषद्को सदस्या, सदस्यले गर्नु पर्ने कामहरू इमान्दारी साथ गर्ने छु भनी ईश्वर साक्षी राखी धर्म भाक्तछु ।

इतिसम्बत् २०१० साल आश्विन ४ गते रोज १ शुभम्

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि